# जोरायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रावतकट्टे, डोटी
## सुदूरपश्चिम प्रदेश, नेपाल

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प.सं. २०८०/०८१
सूचना नं. ०४

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना !**

**(प्रथम पटक प्रकाशित मिति: २०८०/०४/२४)**

यस जोरायल गाउँपालिकामा जी.आई.जेड. (GIZ) सँगको प्राविधिक सहयोग तथा साझेदारीमा Green Resilient Agriculture Productive Ecosystems(GRAPE) परियोजना अन्तर्गत जलवायु मैत्री तथा मूल्य श्रृङ्खला सम्बन्धी कृषि कार्यहरु सञ्चालन हुँदै आइरहेको छ। यस अन्तर्गत समुदाय स्तरमा सञ्चालन हुने जलवायुमैत्री कृषि कार्यहरु कार्यान्वयनमा सहजिकरण गर्न निम्नानुसार पदमा रही काम गर्न इच्छुक ब्यक्ति आवश्यक भएकाले निम्नानुसार योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले कृषि विकास बैंक, जोरायल शाखामा रहेको यस जोरायल गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ०८२७१०१३४६८३६१०६ मा राजस्व तिरेको रसिद सहित वैयक्तिक विवरण फाराम अनुसारको आफ्नो वैयक्तिक विवरण (Bio-Data) भरी काम गर्न ईच्छुक पद खुलेको निवेदन सहितको दरखास्त यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक विदा पर्न गए त्यसको भोली पल्ट) भित्र कार्यालय समयमा गाउँपालिकाको प्रशासन शाखामा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ।

दरखास्तका साथमा ईच्छुक व्यक्तिको शैक्षिक योग्यता एवं अनुभवका प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि र नागरिकताको प्रतिलिपी पेश गर्नु पर्नेछ। निवेदनका साथ दरखास्त दस्तुर तिरेको रसिद संलग्न गर्नुपर्नेछ। निवेदन पेश गरेको खाम बाहिर पद र विज्ञापन नं. अनिवार्य रुपमा लेख्नु पर्नेछ। संक्षिप्त सूचि (Short Listing) मा परेका निवेदकहरुलाई मात्र लिखित तथा अन्तर्वार्तामा समावेश गराईनेछ। लिखित तथा अन्तरवार्ता सम्बन्धि सूचना पछि प्रकाशित गरिने छ।

### पदको आवश्यक विवरण

| | |
|---|---|
| विज्ञापन नं. | ०१-२०८०/०८१ |
| पद | GRAPE परियोजना पालिका संयोजक |
| आवश्यक संख्या | १ जना |
| पारिश्रमिक तथा सेवा, सुविधा | GIZ र पालिकाको निर्णयानुसार |
| आवश्यक शैक्षिक योग्यता र अनुभव | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा स्नातक उत्तिर्ण गरि कम्तिमा २ वर्ष वा कृषि विषयमा प्रमाण पत्र तह उत्तिर्ण गरि कम्तिमा ५ वर्ष कृषि क्षेत्रमा विशेष गरि जलवायू अनुकूलन, कृषि मूल्य श्रृङ्खलाको क्षेत्रमा कार्य गरेको अनुभव भएको हुनुपर्नेछ। |
| लिखित परीक्षाको पाठ्यक्रम | लोकसेवा आयोग द्धारा लिइने रा.प.तृतीय श्रेणी, एगृ एक्सटेन्सन, हर्टिकल्चर, एग्रोनोमी, प्लान्ट प्रोटेक्सन, एगृ, इको एण्ड मार्केटिङ्ग र स्वायल साइन्सको प्रथम पत्र वस्तुगत बहुवैकल्पिक प्रश्नको पाठ्यक्रम |

### शर्त एवं छनौट गर्ने आधारहरु:

- सम्बन्धित गाउँपालिकामा स्थायी बसोबास भएको, महिला, दलित, जनजाति उम्मेदवारलाई विशेष ग्राह्यता दिईने छ।
- उम्मेदवार समुदायमै रही समुदायका लागि काम गर्न ईच्छुक, शारीरिक रुपमा स्वस्थ तन्दुरुस्त हुनुपर्ने छ।
- राजनैतिक रुपमा तटस्थ भएको हुनुपर्नेछ एवं सम्बन्धित सरोकारवालासंग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने क्षमता भएको हुनुपर्नेछ।
- दुई पाङ्गे सवारी साधन (मोटरसाइकल) को चालक अनुमतिपत्र भएकोलाई प्राथमिकता दिइनेछ।
- रित नपुगी आएको वा म्याद नाघी प्राप्त भएको आवेदन उपर कुनै कारवाही हुनेछैन।
- पेश गरिएका सम्पूर्ण जानकारीहरुको प्रमाण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।
- विज्ञापन सम्बन्धि थप जानकारी यस कार्यालयबाट लिन सकिनेछ।

२०८०/०४/२४

**गणेश दत्त भट्ट**
प्रमुख प्रशासकीय अधिकृत

**नोट: दरखास्त फाराम जोरायल गाउँपालिकाको कार्यालयबाट उपलब्ध हुनेछ। साथै यस कार्यालयको वेवसाइट www.jorayalmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।**